**क्रियाकलाप** पूर्व सुचना, पूर्व कार्य र आपतकालीन प्रतिकार्य सम्बन्धी तालिम मार्फत सामुदायिक तयारी |

**कार्यसम्पादन अवधिः** १-३१ जनवरी, २०२६

**स्थान:** राजपुर नगरपालिका, रौतहट

**१.परिचय :**

उत्थानशिल, अनुकुलन र समावेशी नेपाल रेन (RAIN) परियोजना स्थानीय रूपमा नेतृत्व गरिएको उत्थानशिल निर्माणमा आधारित छ । यसले पूर्व सुचना र पूर्व कार्य र जलवायु अनुकूलनको लागि राष्ट्रिय सरकारी प्रणालीहरूलाई सुदृढ गर्दै समुदायको उत्थानशिलता बढाउन प्रणालीगत, समावेशी, र स्थानीयकृत रणनीति अपनाएको छ। मधेश र लुम्बिनी प्रदेशमा कार्यान्वयन गरिएको रेनले स्थानीय सरकारहरू (LG), नागरिक समाज संस्थाहरू (CSO), समुदायमा आधारित संस्थाहरू (CBO) र सीमान्तकृत समुदायहरूलाई विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशिल प्रयासहरूको नेतृत्व र दिगोपन गर्न सशक्त बनाउँछ। रेन परियोजना बेलायत सरकार (FCDO) को आर्थिक सहयोगमा पिपुल इन निड (PIN) को नेतृत्व र ड्यानचर्च एड (DCA) को सह नेतृत्व साथै रेड क्रस क्लाइमेट सेन्टर (RCCC) र यूके मेट (UK-MET) को प्राविधिक सहयोगमा साझेदार संस्थाहरू जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (LI-BIRD), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC), युथ इनोभेसन ल्याब (YIL) र प्रेरणा मार्फत कार्यान्वयन गरिएको छ |

रेनका कार्यक्रमहरुले बेलायत सरकारको उत्थानशिल, अनुकुलन र समावेशी नेपाल कार्यक्रमको प्रमुख लक्ष्यहरूलाई जोड दिन्छ र उपलब्ध वित्तीय स्रोतहरूको उपयोग गरेर दीर्घकालीन एवम् व्यवस्थित उत्थानशिल निर्माणमा योगदान पुऱ्याउँछ।

**२. पूर्व सुचना, पूर्व कार्य र आपतकालीन प्रतिकार्य सम्बन्धी तालिमको आवश्यकताको पहिचान :**

RAIN कार्यक्रम संचालित स्थानीय तहमा सामुदायिक विपद व्यवस्थापन समितिहरु (CDMC) र स्थानीय सरकारसँगको परामर्शको क्रममा, CDMC का सदस्यहरुको विपद् पूर्वतयारी र प्रतिकार्यका लागि क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ ।

CDMC का सदस्य र CDMC कार्यदललाई उनीहरुको भूमिका - पूर्व सुचना, प्राथमिक उपचार, खोज तथा उद्धार टोलीहरूका जिम्मेवारीहरू स्पष्ट गर्नु पर्ने देखिएको छ ।

**३. तालिमको उद्देश्य :**

CDMC का सदस्यहरुको विपद् पूर्व तयारी र प्रतिकार्यका लागि क्षमता अभिवृद्धि प्रयोजनार्थ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा निर्मित "विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम पाठ्यक्रम २०८१" अनुरुप तालिम प्रदान गर्ने र सामुदायिक विपद् व्यवस्थापन समितिहरूको क्षमतालाई सुदृढ पार्नु रहेको छ ।

**४. गतिविधि कार्यान्वयनको प्रस्तावित स्थान :**

तालिम राजपुर नगरपालिका, रौतहटमा गठित सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु लक्षित हुनेछ । तालिम स्थानीय सरकारसँगको सहकार्यमा स्थानीय तहमै संचालन गर्नुपर्नेछ ।

**५. अपेक्षित परिणामहरु :**

- सामुदायिक विपद् व्यवस्थापन समितिहरू समुदायमा हुने विपद्को समयमा पूर्वकार्य र प्रतिकार्य गर्न आवश्यक पर्ने आधारभूत सीप अभिबृद्धि भएको हुनेछ ।
- सामुदायिक विपद् व्यवस्थापन समितिका कार्यदलहरु आफ्नो जिम्मेवारीप्रति सजग भएका हुनेछन् ।
- सामुदायिक विपद् व्यवस्थापन समितिहरू खोजी तथा उद्दार सामग्रीहरुबारे जानकार र तिनको प्रयोगका लागि तयार भएका हुनेछन् ।
- प्राकृतिक र गैर प्राकृतिक प्रकोपजन्य विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि स्वयसेवकको संस्थागत विकास एवं परिचालन गरी विपद व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि हुनेछ ।

**६. प्रस्तावना पेश गर्ने सम्बन्धी जानकारी :**

यस कार्यका लागि प्रस्ताव आह्वान गरिएको मितिले १० दिन भित्रमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको काठमाडौँ, धापासीस्थित कार्यालय वा जनकपुरस्थित रेन परियोजना कार्यालयमा प्रस्तावना पेश गर्नुपर्नेछ । प्रस्तावनामा तालिम प्रक्रिया, स्रोत व्यक्तिको CV, बिषयबस्तु र बजेट समावेश गरिएको हुनुपर्नेछ । साथै संस्थाको दर्ता सम्बन्धी कागजात, भ्याट दर्ता सम्बन्धी कागजात, आ.व. २०८२/८३ का लागि नवीकरण, तथा करचुक्ता वा कर भुक्तानीका लागि म्याद थप गरिएको कागजात अनिवार्य संलग्न गरिएको हुनुपर्नेछ । यसका साथै आधिकारिक रुपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा निर्मित "विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम पाठ्यक्रम २०८१" अनुरुप तालिम प्रदान गर्न सक्ने क्षमता र अनुभवका कागजात समेत संलग्न गरिएको हुनुपर्नेछ ।

**७. प्रस्तावक संस्थाको जिम्मेवारीहरु :**

तालिमको पुर्वतयारी र तालिम संचालनका क्रममा लाग्ने यातायात खर्च, तयारीका क्रममा आवश्यक सहजीकरण सामग्री र तालिमको अवधिमा समेत आवश्यक सामग्री र स्टेसनरीहरुको व्यवस्थापन, तालिम अवधिभर प्रशिक्षकको खाना तथा बासको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम् प्रस्तावक संस्थाकै हुनेछ । तालिमको अवधिमा सहभागीहरुको पुर्व परीक्षा र तालिम पश्चात पुनः परीक्षा लिनुपर्नेछ । तालिमको प्रतिवेदन तथा समग्र कार्यसम्पादन प्रतिवेदन छुट्टाछुट्टै निर्माण गर्नु पर्नेछ ।

**८. सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको जिम्मेवारीहरु :**

- तालिमका सहभागीहरुको छनौट ।
- तालिम गर्ने स्थानको छनौट ।
- तालिम व्यवस्थापन र तालिमको अवधिको खर्च व्यवस्थापनको जिम्मेवारी ।

- तालिममा आवस्यक पर्ने प्रोजेक्टर, स्ट्यान्ड बोर्ड लगायत आधारभूत संरचनाको सुनिस्चितता ।
- तालिम पश्चात प्रदान गरिने प्रमाणपत्र व्यवस्थापनको जिम्मेवारी ।
- समग्र कार्य सम्पन्न भई प्रतिवेदनहरु प्राप्त भए पश्चात सम्झौता बमोजिमको भुक्तानी प्रदान गर्ने जिम्मेवारी ।

**९. तालिमका सहभागी संख्या :**

तालिममा अधिकतम ३० जनाको सहभागिता हुनेछ ।

**१०. कार्यान्वयन अवधिः**

अधिकतम १ (एक) महिना; सबै कार्यहरू २०८२ साल माघ १७ गते (जनवरी ३१, २०२५) भित्र पूरा गर्नुपर्नेछ ।